**आर्थिक वर्ष २०७८/७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट संचालन गरिने**
**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अन्तरगत**
**कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन कार्यक्रम संचालन मार्ग निर्देशन**

**१. कार्यक्रमको नामः कुष्ठ प्रभावित समुहका लागि आय आर्जन कार्यक्रम**

| | |
|---|---|
| कार्यक्रमको परिचय | कुष्ठरोग अति प्रभावित जिल्लाहरुमा कुष्ठरोगको कारणले असमर्थता भएकाहरुको समूहगत आय आर्जनमा सघाउ पुर्याउन बचत बृद्धि तथा व्यवसाय र सीप विकास गरी कुष्ठरोग प्रतिको भेदभावमा कमी ल्याउन तथा सामाजिक पुनर्स्थापना हुने अपेक्षा सहित यो कार्यक्रम संचालन गरिने छ । |
| उद्देश्य | ● कुष्ठरोग प्रभावित तथा उपचारमा रहेका विरामीहरुमा रोगको कारणले हुने साधारण समस्याहरु कुष्ठरोग प्रभावित स्वयंले सो को हेरचाह गरी अपांगता र अंगभंग हुनबाट बच्ने र बचाउने ।<br>● समुह गठन, आय आर्जन तथा सामुहिक बचत बृद्धि गर्ने साथै विविध आय आर्जन क्रियाकलापहरु संचालन गरी सामाजिक पुनस्थापना गराउने ।<br>● कुष्ठरोग प्रतिको भेदभावमा कमी ल्याई सामाजिक पुनर्स्थापना गर्ने ।<br>● सीप विकास र आय आर्जनमा सघाउ पुगी स्वावलम्वीपनको विकास गर्ने ।<br>● आय आर्जन समुहको अभिलेख राखी नियमित अद्यावधिक गर्ने र अनुगमन गर्ने । |
| अपेक्षित प्रतिफल | ● समूहका सदस्यहरु स्वयं हेरचाहबाट आफुमा आएको शारीरिक उपलब्धीका वारेमा स्वयं समिक्षा गर्नेछन् र समस्याहरुका वारेमा छलफल गरी समाधानका उपाय तथा उचित अभ्यास गर्ने भएकोले विद्यमान असमर्थतालाई बढ्न नदिनुका साथै थप अपांगता हुनबाट समेत बच्न सक्ने छन् ।<br>● समूहका सदस्यहरुले बचत बृद्धि कार्यक्रमबाट आफ्नो आय आर्जनकोलागि सरल रुपमा सापटि लिइ आय आर्जनको कार्य गरी आफ्नो जीवन स्तर बढाउने छ । |
| सन्चालन प्रकृया | ● कुष्ठरोगको अति प्रभावित जिल्लाका पालिकाहरुमा कुष्ठरोगको उपचार पुरा गरेका प्रभावित र उपचारमा रहेका विरामी समेतको पायक पर्ने स्थानहरुमा गठन भएका "स्वयं हेरचाह समूह" लाई नेपाल सरकारबाट विनियोजित बजेट रु ५०,०००/- (पचास हजार मात्र) Seed money अक्षयकोष/घुम्ती कोषमा राख्ने ।<br>● समूहका सदस्यहरुले बचत बृद्धि कार्यक्रमबाट आफ्नो आय आर्जनको लागि सरल रुपमा सापटि लिइ आय आर्जनको कार्य गर्न सक्ने छन् ।<br>● यस समूहको कार्य सञ्चालनको लागि सहजकर्ताको रुपमा स्थानीय स्वास्थ्य संस्थाका फोकल पर्सन र स्वयं सेवक हुने र प्रत्येक महिनामा समूहको अनुगमन गर्नुपर्ने । |

| | |
|---|---|
| | • जिल्लामा गठन भएका समुहरुको अभिलेख नियमित अद्यावधिक गर्ने ।<br>• नगरपालिकाको स्वास्थ्य शाखाका अधिकृतले त्रैमासिक रुपमा अनुगमन गरी उपलव्धीको प्रतिवेदन गर्ने ।<br>• स्थानीय तहबाट पनि यस आय-आर्जन कार्यक्रममा थप सहयोग गर्न सकिनेछ ।<br>• सहकार्य, समन्वय तथा सहयोगको लागि कुष्ठरोग कार्यक्रमसंग सम्वन्धित सहयोगी संस्था तथा सम्वन्धित स्वास्थ्य कार्यालयहरूलाई समावेश गराउन पर्नेछ । |
| बजेट बाँडफाँड | एउटा स्वयं हेरचाह एवं सहायता समूह गठन तथा संचालनका लागि रु. ५०,०००।- र एक वटा भन्दा बढी भएमा त्यही अनुरूप एउटा समुहको लागि रु. ५०,०००।– दर ले बजेट दिनु पर्ने हुन्छ । पालिकाबाट बजेट प्राप्त गर्नका लागि कार्यकम प्रस्तावना, समुह गठन भएको कागजपत्र आदि बुझाउनु पर्नेछ । |
| अभिलेख तथा प्रतिबेदन | आय आर्जन समिति गठन तथा संचालनवारे प्रतिवेदन त्रैमासिक रुपमा बजेट प्राप्त भएको पालिका र स्वास्थ्य कार्यालय मार्फत सम्वन्धित निकायमा पठाउनु पर्नेछ । |
| सन्दर्भ सामाग्री | - |

### २. कार्यक्रमको नामः खोकना, पोखरा, कपन तथा बुढानिलकण्ठमा रहेका कुष्ठप्रभावितहरुलाई खाना र बसोबासका लागी अनुदान

| | |
|---|---|
| कार्यक्रमको परिचय | नेपाल कुष्ठरोग निवारण संघ मार्फत आवश्यक पर्ने बजेट समेत अनुदान स्वरुप उपलब्ध गराउने गरी पुर्ब कुष्ठरोगी खानामा रहेका कुष्ठप्रभावितहरुलाई सामाजिक पुनर्स्थापना र अती अशक्त तथा जेष्ठ नागरिकहरुको हेरचाह तथा गास, बास, कपास र उपचार ब्यबस्थापन गर्ने गरी नेपाल सरकारले हस्तान्तरण गरेको थियो । सो बमोजिम नेपाल कुष्ठरोग निबारण सघंले तत्कालिन कुष्ठरोगी खानामा रहेका कुष्ठप्रभावितहरुलाई समुदायमा आधारित पुनर्स्थापनाबाट कुष्ठप्रभावित संख्या न्युन गरी आरोग्य आश्राममा परिणत भएको छ । ती कुष्ठप्रभावितहरुलाई आवश्यक ब्यबस्थापन गर्न महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपाल कुष्ठरोग निबारण संघलाइ अनुदान उपलब्ध गराउदै आएको छ । आ.व. २०७७/७८ देखी सो अनुदान रकम स्थानीय तह मार्फत समन्वय/ सहकार्यमा गर्ने गरी आरोग्य आश्रममा रहेका कुष्ठ प्रभावितहरुको व्यवस्थापन गर्न बजेट विनियोजन भएको छ । |
| उद्देश्य | • हालको आरोग्य आश्राममा रहेका अती अशक्त कुष्ठप्रभावितहरु तथा जेष्ठ नागरिकहरुको खाना बास तथा उपचार समेत ब्यबस्था गर्ने ।<br>• समुदायमा आधारित पुनर्स्थापना गर्ने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | • आरोग्य आश्राममा रहेका अती अशक्त कुष्ठप्रभावितहरु तथा जेष्ठ नागरिकहरुको खाना बास तथा उपचारको ब्यबस्थापन भै लाभान्वित हुनेछन्। <br>• नेपालको संबिधान २०७२ अनुसार नागरिक हकको शुनिस्चितता हुनेछ। |
| सन्चालन प्रकृया | • नगरपालिका तथा महा नगरपालिकामा बिनियोजित अनुदान रकम अनुसार नेपाल सरकारले निर्धारण गरेको राशन परिमाण स्केल बमोजिम नेपाल कुष्ठरोग निबारण संघलाई आवस्यक ब्यबस्थापन गर्न लगाउने। नेपाल सरकारको दररेट र बितरण प्रणाली अनुरुप खाध सामाग्री र औषधि को बिलभर्पाइहरु नेपाल कुष्ठरोग निबारण संघबाट प्राप्त भएको बिल भर्पाइहरु आर्थिक नियमावली बमोजिम खर्च भए नभएको यकिन गरी सोधभर्ना भुक्तानी गर्ने। <br>• दक्षिणकाली नगरपालिका तथा पोखरा महानगरपालिकामा बिनियोजीत बजेट अनुदान नेपाल सरकारले तोकेको खाध्य परिमाणको खर्च, धारा, बिजुली, औषधि, बृत्ती बिकास भत्ता समेतको अनुमानित बजेट बाँडफाड गरी निर्णय भए अनुसार खोकना तथा पोखरा आरोग्य आश्राममा रहेका कुष्ठप्रभावितहरुका लागि नेपाल कुष्ठरोग निवारण संघ वा पालिका मार्फत कार्यान्वयन गर्ने। <br>• आरोग्य आश्राममा रहेका कुष्ठप्रभावितहरुले सम्झौता अनुसार सेवा सुविधा उपलव्ध भए नभएको सम्वन्धित पालिकाले अनुगमन सुपेरीबेक्षण गर्ने। <br>• यसै गरी बुढानिलकण्ठ नगरपालिकामा विनियोजित गरिएको अनुदान बजेट READ NEPAL र नेपाल कुष्ठ प्रभावित कल्याण संघलाई प्रस्तावना अनुसार सम्झौता गराइ उपलब्ध गराउन सकिन्छ। |
| बजेट बाँडफाँड | आर्थिक नियमावली तथा सम्झौता अनुसार गर्ने। |
| अभिलेख प्रतिबेदन | कार्यक्रम संचालन पश्चात अभिलेख प्रतिबेदन इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा अनिवार्य रूपमा पठाउनु पर्ने छ। |